प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

# यन्त्र मर्मतशाला सहित कष्टम हायरिङ सेन्टर स्थापना कार्यक्रम संचालन विधि, २०७७

मन्त्री

**प्रस्तावना:** कृषिकर्ममा आवश्यक पर्ने विविध प्रकारका कृषि मेशिनरी तथा औजारहरुको प्रयोगलाई प्रोत्साहन गरी उत्पादन लागत घटाउँदै बजार प्रतिस्पर्धी बनाउने र कृषि उत्पादन कार्यलाई प्रविधि मैत्री बनाउने उद्देश्यले कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको सहज तथा सुलभ उपलब्धताका लागि सम्बोधन गर्न वाञ्छनीय भएकाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७७।०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यन्त्र मर्मतशाला सहित कष्टम हायरिङ सेन्टर स्थापना कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको संचालन विधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संचालन विधिको नाम "यन्त्र मर्मतशाला सहित कष्टम हायरिङ सेन्टर स्थापना कार्यक्रम संचालन विधि, २०७७" रहेको छ।

(२) यो संचालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संचालन विधिमा;-

(क) "कस्टम हायरिङ सेन्टर" भन्नाले कृषि उत्पादन तथा उत्पादन उपरान्त व्यवस्थापनमा प्रयोग हुने विभिन्न प्रकारका कृषि मेशिनरी उपकरणहरुको संग्रह गर्ने र समुदायमा उपयोगको सेवा दिने व्यवस्था मिलाउने गरी बनेको कृषि यन्त्रहरु राखिने केन्द्रलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले कस्टम हायरिङ सेन्टरको निर्माण, सञ्चालन र व्यवस्थापनका लागि यस विधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमलाई सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कार्यक्रम सञ्चालन गर्ने निकायलाई सम्झनु पर्दछ।

(घ) "कृषि सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषक समूह, कृषि सहकारी संस्थालाई सम्झनु पर्दछ र सो शब्दले कृषि कार्यक्षेत्र भएको बहुउद्देश्यीय सहकारी संस्थालाई समेत बुझाउँछ।



सचिव

(ङ) "भौतिक पूर्वाधार" भन्नाले कस्टम हायरिङ सेन्टरमा रहने विभिन्न मेशिनरी सामग्री तथा औजारहरु राखिने टिनको टहरा एवं सेड र बारबन्देज तथा यन्त्रशालालाई समेत सम्झनु पर्दछ।

(च) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

(छ) "निर्देशनालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(ज) "निजी कृषि कम्पनी/फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका फर्म/कम्पनी सम्झनुपर्दछ ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ञ) "यन्त्रशाला" भन्नाले कष्टम हायरिङ सेन्टरमा प्रयोग हुने औजार उपकरणहरु मर्मत संभारको लागि निर्माण गरिएको संरचना सम्झनु पर्दछ।

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेका छन:-

(क) कृषि वस्तुहरुको उत्पादन, प्रशोधन र बजारिकरणका लागि आवश्यक पर्ने मेशिनरी औजार तथा उपकरणहरुको सेवा स्थानीय स्तरबाटै सुनिश्चित गर्ने,

(ख) कृषि मेशिनरी औजारहरुको मर्मत सेवा प्रदान गर्ने,

(ग) कृषिमा यान्त्रिकरण प्रवर्द्धन गर्ने।

४. कार्यक्रम सञ्चालन विधिः (१) कार्यक्रम सञ्चालनका लागि कार्यालयले राष्ट्रिय वा प्रदेशस्तरको पत्रिकामा कम्तीमा १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) प्रकाशित सूचना अनुसार देहाय बमोजिमको योग्यता पुगेका कृषक समूह, कृषि सहकारी वा निजी कृषि कम्पनी/फर्मले तोकिए बमोजिम प्रस्ताव पेश गर्न सक्नेछन्:

(क) नियमानुसारको निकायमा गत आ. व. भित्र दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) कष्टम हायरिङ सेन्टर स्थापनाको लागि प्रस्तावित जग्गाको क्षेत्रफल न्यूनतम २ कठ्ठा हुनु पर्नेछ, उक्त जग्गा आवेदकको आफ्नै स्वामित्व



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

वा भाडामा भए कम्तीमा १० वर्षको करार सम्झौता वा सार्वजनिक भए सम्वन्धित स्थानीय तह वा निकायबाट कम्तीमा १० वर्षको लागि प्रस्तावित प्रयोजनको लागि प्रयोग गर्ने अनुमति लिएको हुनुपर्नेछ।

(ग) जग्गाको जग्गा धनी प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनी प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(घ) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकबाट तयार भएको हुनुपर्नेछ तथा मेशिनरी औजार तथा उपकरणहरुको हकमा स्पेशिफिकेसन सहित लागत अनुमान पेश गर्नुपर्नेछ।

(च) प्रस्तावकले आफ्नो लागत सहभागिताको अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनुपर्नेछ।

(छ) प्रस्तावित परियोजना स्थलमा सडक, विजुली लगायतका सुविधाहरु भएको विवरण पेश गर्नुपर्नेछ।

(ज) अनुदान माग गरिएका भौतिक पूर्वाधार तथा मेशिनरीहरुको खरिदमा अन्य कुनै स्रोतबाट विगत दुई आ.व. भित्र अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ।

(३) तोकिएको म्याद भित्र रितपूर्वक दर्ता भएका प्रस्तावहरुको उपदफा (२) को योग्यताका आधारमा प्रस्तावहरुको प्रारम्भिक छनौट गरिनेछ।

(४) प्रारम्भिक चरणमा छनौट भएको प्रस्तावहरुको स्थलगत अनुगमन पश्चात विस्तृत मूल्यांकन गरी अनुदानग्राही छनौट गरिनेछ।

(५) छनौट भएका अनुदानग्राहीको स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(६) छनौट भएका अनुदानग्राहीले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिकमा रहेका अनुदानग्राहीलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।



नि. सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

५. <u>कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था:</u>(१) यस कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, जिल्लास्थित कार्यालय -अध्यक्ष

(ख) प्रमुख वा प्रतिनिधि, जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ -सदस्य

(ग) योजना हेर्ने अधिकृत, जिल्लास्थित कार्यालय -सदस्य

(घ) लेखा प्रमुख, जिल्लास्थित कार्यालय -सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, जिल्ला स्थित कार्यालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको लागि सूचना र प्रस्तावको ढाँचा तथा प्रस्ताव मूल्याङ्कनका आधारहरु तयार गर्ने,

(ख) कार्यक्रम अनुदान वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिको कुनै एक सदस्यको संयोजकत्वमा बढीमा ३ सदस्यीय उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकी कार्य गराउन सक्ने,

(ग) रितपूर्वक दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका प्रस्तावहरुको आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भए अनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रकृया अघि बढाउने,

(च) प्रस्तावहरु मूल्याङ्कन गरी स्वीकृतिको लागि योग्यताक्रम तोकि सिफारिस गर्ने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना सहित सम्झौताको लागि सिफारिस गर्ने।



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

७. **अनुदानको सीमा तथा क्रियाकलापहरु:** (१) कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्ययोजना बमोजिम कुल लागत रकमको ५० प्रतिशतमा नबढाई प्रति कष्टम हायरिङ्ग सेन्टर अधिकतम रु. ५०,००,०००।- (पचास लाख) अनुदान रकम स्वीकृत गर्न सकिनेछ।

(२) टिनको टहरा तथा यन्त्रशाला निर्माण (उपकरण सहित) तथा बारबन्देजका लागि अनुदान रकमको अधिकतम १० प्रतिशत र बाँकी रकम मेशिनरी यन्त्र तथा उपकरणहरु खरिदका लागि खर्च गर्न सकिनेछ । तर टहरा तथा यन्त्रशाला पहिले नै भएको अनुदानग्राहीको हकमा अनुदान रकम मेशिनरी यन्त्र तथा उपकरणहरु खरीदमा खर्च गर्न सकिनेछ।

(३) प्रस्तावकले खरिद गर्ने मेशिनरीहरुको हकमा ट्रयाक्टर सहित देहायका मेशिनरी समूहवाट कम्तीमा ४ समूहका औजार उपकरण अनिवार्य रुपमा प्रस्तावमा समावेश गर्नुपर्नेछ । तर प्रस्तावकसँग ट्रयाक्टर वा देहायका समूहका कृषि उपकरण पहिले नै भएको अवस्थामा सो खरीदका लागि अनिवार्य हुने छैन ।

- जग्गा तयारी गर्ने मेशीन उपकरणहरु (जोत्ने, खन्ने, सम्याउने, हिल्याउने आदी),
- बाली रोप्ने वा छर्ने मेशिन,
- गोड्ने, ड्याङ्ग बनाउने, उकेरा लगाउने मेशिन,
- वाली संरक्षणमा प्रयोग हुने ठूला उपकरणहरु जस्तैः पावर स्प्रेयर आदी
- बाली काट्ने वा हार्भेष्टिङ्ग गर्ने मेशिन,
- वेलर/रोलर/भुसा बनाउने मेशिन,
- प्रशोधन गर्ने जस्तैः थ्रेसर, ड्रायर आदी मेशिन

(४) कार्यक्रम संचालनमा उल्लेखित क्रियाकलापहरुमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरी नियमानुसार खर्च गर्न सकिनेछ।

८. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) कार्यक्रमको अनुगमन मन्त्रालय तथा मातहतका निकायहरुले संयुक्त वा आवश्यकतानुसार छुट्टा छुट्टै पनि गर्नेछन्।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुगमन र निर्देशनको लिखित अभिलेख/ प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।



सचिव

९. **<u>कारबाहीको व्यवस्थाः</u>** यस सञ्चालन विधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

१०. **<u>संशोधन तथा हेरफेरः</u>** यस संचालन विधिको कार्यान्वयनका क्रममा कुनै समस्या परेमा मन्त्रालयले संशोधन तथा हेरफेर गर्न सक्नेछ।

११. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस संचालन विधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

सचिव